निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय ,राप्ती उपत्यका (देउखुरी) दाङ द्धारा सार्वजनिक सूचना जारी गरि आगामी आ व २०२।०८३ को लागि प्रदेश समपूरक र बिशेष आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्न आव्हान गरे अनुरुप देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

देहायः

**प्रदेश समपूरकः**

१.गणेश टोल झ्यांगला हरियाली पर्यटन मार्ग, वडा नं.२ (कुल लागत अनुमान २ करोड मा नबढ्ने गरि )

२.आर्खुदी कचलफाँट खोडे चौपारी कठहरा पाहारे मो.बा. ,वडा नं. १ (कुल लागत अनुमान २ करोड मा नबढ्ने गरि )

**प्रदेश बिशेषः**

१. श्रीडाडाँ खानेपानी आयोजना,वडा नं.३ ( चालिस लाख रुपैयाँ )
२. श्री पृथ्वी प्रकाश मा वि शैक्षिक सुधार तथा आवासिय व्यवस्थापन,वडा नं. ४ ( चालिस लाख रुपैयाँ )

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा यस गाउपालिका द्धारा उत्पादनमा आधारित अनुदान (कृषि,पशु र दुध) उपलब्ध गराउने प्रयोजनार्थ सार्वजनिक सूचना प्रकाशन गरि निवेदन माग गरिएकोमा सम्बन्धित सेवा प्रदायक निकायहरुबाट पेश गरेको विवरणहरु प्रमाणित तथा एकिन गरि देहाय बमोजिम हुने गरि अनुदान रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

दुधको हकमा

४२ जना कृषकहरुको प्रमाणित बिक्री विवरण २,३९,७६९। लिटर दुधको परिमाणको प्रति लिटर रु.२।०० को दरले हुन आउने रकम रु. ४,७९,५३८।०० निवेदक श्री डुम्रे दुग्ध कृषि सहकारी संस्था लिमिटेड लाई अनुदान स्वरुप उपलब्ध गराउने।

कृषि उपजको हकमा

१८२ जना कृषकहरुको कृषि उपजहरुको तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र द्धारा पेश गरिएको प्रमाणित विवरण अनुसार जम्मा बिक्री कारोबार बापतको रकम रु.१,८४,४४,१७४।५ को ५% को दरले हुन आउने अनुदान रकम सम्बन्धित कृषकहरुको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने।

निर्णय नं ४ : प्रस्ताव नं.४ माथि छलफल गर्दा यस तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कम्प्यूटर अपरेटर पदमा कार्यरत श्री शिव आत्रेयको उपचारको क्रममा मिति २०८२।०१।०३ गते असामयिक निधन भएको हुँदा सिंगो गाउँपालिका परिवार मर्माहत भएको छ। यस दुखद घडी मृतक आत्माको चिर शान्तिको कामना तथा शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो। साथै सो सम्बन्धमा उक्त दिन गाउँपालिका भर शोक बिदा दिएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ५ : प्रस्ताव नं.५ माथि छलफल गर्दा यस तिनाउ गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा गाउँपालिका द्धारा सार्वजनिक सूचना प्रकाशन गरि निवेदन माग गरिएकोमा निवेदन पेश गर्ने समुहहरुको हकमा तिनाउ गाउपालिका कृषि तथा पशु

उद्यमशिलता विकास परियोजना संचालन कार्यविधी २०८१ अनुरुप हुने गरि देहाय बमोजिम हुने गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो। (अनुसूची १ )

निर्णय नं ६ : प्रस्ताव नं.६ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत डुम्रे-मस्याम-पुग्दी सडक स्तरोन्नती को ठेक्का प्रकृया मार्फत निर्माण व्यवसायी श्री शिर्षा बिल्डर्स प्रा.लि.,काठमाण्डौ सँग मिति २०८१।१२।३० मा सम्पन्न गर्ने गरि ठेक्का सम्झौता भएकोमा अन्तर निकायगत समन्वय अभावको कारण नियमित कामकाजमा अवरोध भई तोकिएको समयमा सम्पन्न हुन नसक्ने अवस्था सिर्जना भएको भनि निर्माण व्यावसायीले उक्त ठेक्काको म्याद थपको लागि निवेदन पेश गरेकोमा नियमानुसार आवश्यक कागजात संलग्न गरि १ महिना १५ दिन म्याद थप गरि मिति २०८२।०२।१५ सम्म कायम गरि सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७ : प्रस्ताव नं.७ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल नेपाल ,पाल्पा द्धारा संरचना निर्माणको लागि आर्थिक सहायता माग गरेकोमा हालको अवस्थामा स्रोतको अभाव रहेको कारण असमर्थ रहने व्यहोरा सर्वसम्मत रुपमा निर्णय गरियो।